जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

स.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक १७ २०८० साल मंसिर १७ गते आइतवार (3 Dec. 2023 Sunday) मूल्य रु. ७/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** तिलाठी स्वास्थ्यतर्फ जिल्लामै ... **पृष्ठ ३ मा :** टिकटक बन्दको राजनीतिक ... **पृष्ठ ४ मा :** केपी ओली कप मधेश ... **पृष्ठ ५ मा :** एक सय २५ जनाको ...

## बालिकाहरू घरभित्रै बालश्रमको शिकार हुँदै




**राजविराज**/लैंगिक हिंसा बिरूद्धको १६ दिने अभियान अन्तर्गत आठौं दिन शनिवार परिकल्पना नेपाल सप्तरीले बालिकाहरूसँग बालश्रमको विषयमा अन्तरक्रिया कार्यक्रम गरेको छ ।

राजविराज नगरपालिका वडा नं १ मा संचालित कार्यक्रमका सहभागी बालिकाहरूले बालक भन्दा बढी बालिकाहरू घरभित्रै बालश्रमको शिकार हुँदै आएको बताए ।

उनीहरूले केहि बालकहरू घर बाहिर बालश्रम गरेको देखिएपनि खासगरि ग्रामीण भेगका बालिकाहरू घरभित्र देखि बाहिरको काममा जोतिएर बालश्रमको सिकार हुनुपर्ने बाध्यता रहेको धारणा राखे ।

काममा लगाएर बिद्यालयबाट वञ्चित गर्नु, शारीरिक, मान्सिक, सामाजिक रूपमा बालबालिका पीडित र प्रताडित भएर बालश्रमको सिकार भएको कयौ उदाहरण भएपनि अहिले पनि परिवार र समाज यस विषयमा गम्भीर नभएको उनीहरूको तर्क थियो ।

कार्यक्रममा बालश्रमको विषयमा कार्यक्रमका प्रमुख अतिथि प्रहरी निरिक्षक हृदय यादव सामुदायिक सेवा केन्द्रका अध्यक्ष धिरेन्द्र दास, परिकल्पना नेपाल सप्तरीका अध्यक्ष सुधा देव, आसमान नेपालका शान्ता सिंह लगायतले बालश्रम भनेको के हो ? नेपालमा बालश्रमको, बालश्रमबाट पर्दै आएको असर, बालश्रमलाई न्यूनीकरणका लागि गर्नुपर्ने पहल लगायत बिषयमा बृहत् रूपमा सहभागीहरूलाई जानकारी गराएका थिए ।

कार्यक्रममा सामुदायिक सेवा केन्द्रका रमानन्द देव, नेत्र दास, परिकल्पना नेपालका उपाध्यक्ष सुनिता कुमारी परियार, सहसचिव पिंकी मण्डल, कोषाध्यक्ष डोली कुमारी सिंह, सदस्य सवाना प्रविण, लक्ष्मी चौधरी तथा संस्था आवद्ध व्यक्तिहरूको सहभागीता रहेको थियो ।

कार्यक्रममा ५० जना बालिकाहरूको उपस्थिति रहेको थियो । संस्थाका अध्यक्ष सुधा देवको अध्यक्षतामा आयोजित कार्यक्रमको संचालन सहसचिव पिंकी मण्डलले गरेकी थिईन् ।

“लैंगिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको एक्यवद्धता” नाराका साथ यस वर्ष सप्तरीसहित विश्वभर सरकारी तथा गैरसरकारी संस्थाहरूले यो अभियान नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विभिन्न कार्यक्रम गरि मनाउदै आएका छन् ।

## ट्रकको ठक्करबाट मोटरसाइकल सवार युवकको घटनास्थलमै मृत्यु



**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिका ४स्थित कुशहा-कदमाहा सडक खण्डमा शनिबार बिहान ट्रकले ठक्कर दिदा एक जना मोटरसाइकलमा सवार युवकको घटनास्थलमै मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मधेश प्रदेश ०१-००१ख०३६७ नम्बरको ट्रकले विपरीत दिशाबाट आउँदै गरेको अनटेष्ट मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल सवार सुरुङ्गा नगरपालिका ५ बस्ने ३५ वर्षिय मोहम्मद हारुनको घटनास्थलमै मृत्यु भएको हो ।

तीब्र गतिमा रहेको ट्रकले ठक्कर दिँदा हारुनको मृत्यु भएपछि आक्रोसित स्थानीयवासीले करिब १ घण्टा राजमार्ग अवरुद्ध पारेका थिए ।

ठक्कर दिने ट्रक चालक उदयपुरको कटारी नगरपालिका ९ बस्ने बिक्रम राई तथा ट्रकलाई नियन्त्रणमा लिई स्थानीयलाई सम्झाई बुझाई गरेपछि आवागमन सुचारु भएको र घटनाबारे थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

## यादव सेवा समितिको अध्यक्षमा गंगाराम



**राजविराज**/यादव सेवा समिति सप्तरीको अध्यक्षमा गंगाराम यादव चयन भएका छन् ।

समितिको शनिबार राजविराजस्थित राधाकृष्ण मन्दीर धर्मशालामा सम्पन्न साधारणसभाबाट तीनबर्षे कार्यकालको लागि सर्वसम्मत अध्यक्षमा यादव चयन भएका हुन् ।

यस्तै समितिको उपाध्यक्षमा सञ्जय कुमार यादव, महासचिवमा महेन्द्र प्रसाद यादव, सचिवमा ब्रहमदेव यादव र कोषाध्यक्षमा जयनारायण यादवलाई चयन गरिएको निर्वाचन समिति संयोजक बरिस्ठ अधिबक्ता देवनारायण यादवले जानकारी दिए ।

यस्तै समितिको सदस्यहरुमा बच्चालाल यादव, बिजयकुमार यादव, हरिसुन्दर यादव, धर्मनाथ यादव, चन्द्रकला देवी यादव र सुनिता यादवलाई चयन गरिएको जनाएको छ । निर्वाचन समिति संयोजकमा बरिस्ठ अधिबक्ता देवनारायण यादव र अधिबक्ता पूण्य प्रसाद यादव रहेका थिए ।

## प्रतिष्ठान निर्माणका लागि दबाबमूलक युवाहरुको पहिलो चरणका आन्दोलन सम्पन्न




**राजविराज**/अलपत्र अवस्थामा रहेको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सूचारु गर्न माग गर्दै दबाब रुवरुप युवाहरुले थालेका पहिलो चरणको आन्दोलन शुक्रबार सम्पन्न भएको छ ।

सप्तरी युथ नेपालद्वारा गठित आन्दोलन परिचालन समितिको अगुवाईमा गत सोमबारदेखी सुरु भएको आन्दोलन अन्तरगत शुक्रबार दुई घण्टा जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी धर्ना दिएपछि पहिलो चरणको आन्दोलन सम्पन्न भएको हो ।

यसअघि युवाहरुले दबाबमूलक र्‍याली, सिटी जुलुस, दिउँसै टर्च बालेर नेता सांसदहरुको खोजि र बिहीबार तथा शुक्रबार धर्ना कार्यक्रम गरेर पहिलो चरणको आन्दोलन सम्पन्न भएको तथा तथा दोश्रो चरणको आन्दोलन पुनः बैठक बसी तय गरिने जनाएको छ ।

दुई वर्ष अघि शिलान्यास

*बाँकी अन्तिम पृष्ठमा*

**विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं**

सरकारी निकायले विज्ञापन गर्दाः

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आफ्ना अधिकारहरु चिन्न जरुरी

नेपाल अहिले संघीय गणतन्त्रात्मक मुलुक भएको छ। यससँगै सिंहदरबारका अधिकारहरु प्रदेश र स्थानीय तहमा विभाजित भएका छन्। नेपालको संविधानले अहिले स्थानीय तहलाई विद्यायकी, कार्यकारणी र न्यायिक अधिकार दिएको छ। संविधानद्वारा प्रदत्त अधिकारहरुको प्रयोग गरी स्थानीय तहहरुले आ-आफ्ना ठाउँको विकास जनचाहना अनुरुप आफै गर्न सक्छन्। तर स्थानीय तहहरुले आफूलाई प्राप्त अधिकारहरुको पूर्ण प्रयोग गर्न नसकेका कारण विकासका ढोकाहरु अपेक्षाकृत रुपमा खुल्न सकेका छैनन्।

अहिले पनि अधिकतर स्थानीय तहहरु पुरानै शैलीमा काम गरिरहेका छन्। उनीहरु अहिले पनि पुराना मानसिकता भन्दा माथि उठ्न सकेका छैन। विद्यायकी, कार्यकारिणी र न्यायिक गरी तीन वटै अधिकारहरु स्थानीय तहले प्राप्त गरेपनि यसका बारेमा अधिकतर जनप्रतिनिधिहरु अन्यौल नै रहेको पाइएको छ। जनप्रतिनिधिहरुले आफ्ना अधिकार र त्यसको दायरा बुझेर काम गर्न सकेको खण्डमा स्थानीय तहले विकासमा फड्को मार्ने निश्चित छ। भौतिक विकासमा मात्र रुम्मलिएर धेरै जो जनप्रतिनिधहरुले अरु कामलाई त्यत्ति ध्यान नदिइहरेको अवस्था विद्यमान छ।

संविधानद्वारा प्रदत्त तीन वटै अधिकारको प्रयोग गरी जनप्रतिनिधिहरुले समन्वयात्क विकासका लागि आफ्ना पहल र प्रयासहरुलाई अझ सशक्त ढंगले अघि बढाउनुको विकल्प छैन। यसका लागि ढिलो किंचित गर्नु हुन्न।

# तिलाठी स्वास्थ्यतर्फ जिल्लामै दोश्रो स्थान




**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका स्वास्थ्यतर्फ जिल्लामै दोश्रो स्थान हासिल गरेको छ।

गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले आ.ब. २०७९/०८० को स्वास्थ्यतर्फ सम्पन्न कार्यक्रमहरुको समिक्षा तथा आगामी बर्षको लागि योजना निर्माण गर्न बार्षिक समिक्षा कार्यक्रममा सो जानकारी दिएका हुन्।

उनले सीमित स्रोत र साधनको बावजुदपनि १८ वटा पालिकामध्ये तिलाठी कोइलाडी गाउँपालिकाले जिल्लामा दोस्रो स्थान हासिल गरेकोमा स्वास्थ्यकर्मीहरुलाई बधाई दिए।

कार्यक्रममा स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख देवकान्त झाले जनताको गुनासो नआउने हिसाबले स्वास्थ्य सेवा प्रदान गर्न आग्रह गरे।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साह, वडा नं. ४ का अध्यक्ष मुनिलाल मुखिया, गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख भूपेन्द्र झासहितकाले मन्तब्य ब्यक्त गरेका थिए। सो अवसरमा स्वास्थ्य शाखाका दिपककुमार मण्डलले गाउँपालिकाका समग्र स्वास्थ्य अवस्थाबारे प्रस्तुतीकरण गरे।

गाउँपालिकाको ८ वटै स्वास्थ्य संस्थामध्ये उत्कृष्ट हुने स्वास्थ्य संस्थालाई पुरस्कृत गर्न स्वास्थ्य कार्यालयका प्रमुख देवकान्त झा, जनस्वास्थ्य अधिकृत हरेन्द्र साह र गाउँपालिकाका स्वास्थ्यशाखा प्रमुख भूपेन्द्र झा सहितको एक चयन समिति गठन गरिएको छ।

# सचेतनामूलक कक्षा संचालन

**राजविराज**/लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत शुक्रवार सप्तरीको दुई पालिकामा सचेतनामुलक कक्षा संचालन तथा कृषि उपज सामग्री प्रदान गरिएको छ।

"लैङ्गिक हिंसा अन्त्यको सुनिश्तिता: महिला बालबालिकामा लगानीको एक्यबद्धता" नाराकका साथ खाद्य तथा कृषि संगठन ( फुड एण्ड एग्रीकल्चर अर्गनाईजेशन, संयुक्त राष्ट्र संघ) काठमाडौंद्वारा छिन्नमस्ता गाउँपालिका ५ लोखरम तथा तिलाठी कोईलाडी गाउँपालिका ३ को वडा कार्यालयमा सो कार्यक्रम आयोजना गरिएको हो।

लोखरममा आयोजित कार्यक्रममा महिलामाथी हुने हिंसा, छोरा छोरी बीच विभेद, दाईजो प्रथा, बालविवाह, घरेलु हिंसा, यौनजन्य दूर्व्यहार लगायतका विकृति अन्त्य गर्ने विषयमा स्थानीयहरुलाई भेला गराई कक्षा संचालन मार्फत संदेश प्रवाह गरिएको छ।

महिलाहरुले नै सहजिकरण गरेको कार्यक्रममा यस प्रकारका समाजिक कुरिती समाप्त गर्न तथा विभेद र हिंसामा परेमा त्यसलाई लुकाउनु भन्दा पनि प्रचलित कानून अनुसार कानुनी प्रक्रिया र मुदाका लागी अग्रसरता लिनु पर्नेमा जोड दिइएको थियो।

महिला अभियन्ता एवं कृषि प्रशिक्षक ममता साह, कार्यक्रम संयोजक श्रेया थपालिया र आयोजक संस्थाकी सञ्चार सहायिकका रोजीता मिश्रले सहजीकरण गरेको कार्यक्रमको अन्त्यमा स्थानीय महिला कृषकहरुका लागी विभिन्न तरकारीका २४ सय प्याकेट विउ वितरण गरिएको बताए।

यसैगरी तिलाठी कोइलाडी गाउँपालिकामा पनि यस्तै सचेतना मुलक कार्यक्रमको आयोजना गरी २२ मेट्रिक टन गहुँको विउ वितरण गरिएको संयोजक थपलियाले जानकारी दिईन। ग्रामिण महिलाको आर्थिक सशक्तीकरण परियोजना अन्तर्गत उक्त कृषि सामग्री वितरण गरिएको उनको भनाई छ।

तिलाठी कोइलाडी गाउँपालिका तथा छिन्नमस्ता गाउँपालिको समन्वयमा आयोजित कार्यक्रममा कृषि ज्ञान केन्द्र सप्तरीका निमित्त प्रमुख किशन देव राउत, वडाअध्यक्ष जय प्रकाश ठाकुर, रमेश मुखिया, प्रेस स्वतन्त्रता सेनानी बैद्यथाथ झा, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझी लगायतको पनि उपस्थिती रहेको थियो।

# पेस्तोल र दुई राउण्ड गोली बरामद



**राजविराज**/सप्तरीको बलान विहुल गाउँपालिका क्षेत्रबाट एक थान कट्वा पेस्तोल र दुई राउण्ड गोली बरामद भएको छ।

सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट वेल्हीबाट खटेको पैदल गस्ती टोलीले वडा नं. ४ स्थित वेल्ही सडक खण्डबाट कट्वा पेस्तोल र गोली बरामद गरेको जनाएको छ।

प्रहरी गस्ती टोलीलाई देखेपछि नम्बर नखुलेको मोटरसाईकलमा सवार दुई जनाले कपडाको पोका फालेर भारत तर्फ भागेको प्रहरीको भनाई छ। उक्त कपडाको पोका खोली चेक गर्दा एक थान पेस्तोल र दुई राउण्ड गोली बरामद गरिएको सशस्त्र प्रहरी बल गण नं ६ का सुचना अधिकारी डिएसपी मोहन राज विष्टले जानकारी दिए।

बरामद पेस्तोल र गोली सोमवार जिल्ला प्रहरी कार्यालय सप्तरीलाई बुझाई फरार भएका ब्यक्तीबारे थप अनुसन्धान भईरहेको सशस्त्र प्रहरीले जनाएको छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

**लक्षण**
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# टिकटक बन्दको राजनीतिक विरोध किन ?

**राजेन्द्र किराती**

हालै सरकारले टिकटक बन्द गरेपछि विरोध र समर्थन सँगसँगै आइरहेको छ । कतिपयले यसलाई असाध्यै सकारात्मक कदम भनेर सरकारको गुणगान गाइरहेका छन्, कतिपयले सरकारी निर्णयको विरोध गरिरहेका छन् । अर्थात् टिकटक बन्द गर्ने सरकारको निर्णय हाम्रो सामाजिकी र उठ–बसको खपत बनिरहेको छ ।

झुपडीदेखि सिंहदरबार, ठूलो होटलदेखि चिया–पसल अनि केन्द्रदेखि टोलसम्म टिकटककै विषयमा चर्चा परिचर्चा भइरहेको छ । कतिपयले बुझेर समर्थन गरिरहेका छन् भने कतिपयले नबुझेर विरोध गरिरहेका छन् । यता कतिपयले बुझे पनि वा नबुझे पनि आफ्नो निहित निजी स्वार्थमा विरोध र समर्थन गरिरहेका छन् ।

वस्तुतः विश्व समाजको अभिन्न अंग बनिसकेको टिकटकजस्ता सामाजिक सञ्जालहरू बन्द गर्नु राम्रो होइन । यसमा कसैको दुईमत छैन । सरकारलाई पनि यो कुरा थाहा हुनुपर्छ । प्रविधिको अधिकतम प्रयोग, परिचालन र उपयोगले नै आजको उत्पादन पद्धतिमा अब्बल हुन सकिन्छ । २१औं शदीको विश्व–व्यवस्था प्रविधिको अधिकतम प्रयोगद्वारा निर्देशित रहेको छ । अर्थात् प्रविधिको उचित अन्वेषण, उपयोग र परिचालनबाटै उत्पादन प्रक्रियालाई समयसापेक्ष विकास गर्न सकिन्छ । विश्वजगत्मा प्रतिस्पर्धा गर्न सकिन्छ । प्रविधिबिनाको विश्व मानव समाजको कल्पना पनि गर्न सकिन्न । यद्यपि टिकटक बन्द पछिको समर्थन र विरोधमा अन्तर्निहित कारणहरूबारे यस आलेखमा चर्चा गरिएको छ ।

सरकारले टिकटक बन्द गरेको छ । सरकारको यस्तो निर्णय आजको दुनियाँमा विज्ञान र प्रविधिको उपयोग गर्दा फाइदा हुन्छ भन्ने न्यूनतम ज्ञान नभएर होइन । डिजिटल युगबाट रोबोटिक र सेन्सर युगमा प्रवेश गर्दै गरेको विश्व समाजमा जिम्मेवार सरकारले लहड र सनककै भरमा बन्द गर्ने कुरा आउँदैन । सामाजिक सञ्जालको अर्थ र औचित्य नबुझेर बन्द गरेको पक्कै पनि होइन । आजको भुमण्डलीकृत विश्वमा सूचना प्रविधिको महत्त्व कति धेरै छ भन्ने ज्ञान नभएर पनि होइन । टिकटकजस्ता सामाजिक सञ्जालले समाजमा पुऱ्याइरहेको सकरात्मक भूमिकालाई नजरअन्दाज गर्न खोजेको पनि होइन । खास गरेर सरकारले सबै पाटा पक्षहरूको गहिरो अध्ययन र मनन गरेरै बन्द गर्नुपर्ने बाध्यात्मक स्थितिमा पुगेको हुनुपर्छ ।

वस्तुतः सरकारले टिकटक बन्द गर्नुको मुख्य कारण भनेको यसको उपयोग संस्कृति विकृत बन्दै जानु हो । कुनै पनि वस्तुको सकारात्मक र नकारात्मक पक्ष सँगसँगै आउने गर्दछ । यो द्वन्द्ववाद हो । त्यस्तै, टिकटकको पनि सकारात्मक र नकारात्मक दुवै आयाम छन् । यसमा सकारात्मक पक्ष हावी भएसम्म अधिकतम उपयोगमा जोड दिने कुरा हुन्छ अनि नकारात्मक पक्ष हावी भए बन्द गर्नुपर्ने हुन्छ । अर्थात् यसको प्रयोगलाई निरुत्साहित गर्नुपर्ने हुन्छ । किनकि यसलाई हाम्रो जीवन व्यवहारलाई उत्पादनमुखी बनाउन सदुपयोग गर्ने हो दुरुपयोग होइन ।

विज्ञान र प्रविधिको दुरुपयोग गर्नु हुँदैन । प्रविधिको सदुपयोग गर्नु भनेको उत्पादन वा निर्माणसँग जोडिन्छ तर दुरुपयोग भनेको ध्वंश र पतनसँग जोडिन्छ । यसकारण प्रविधि मात्र भनेर हुँदैन । यसको सदुपयोग र दुरुपयोगबारे पनि न्यूनतम सचेतना राख्नुपर्दछ । तब मात्र यसलाई मानव हितजन्य उत्पादनमा लगाउन सकिन्छ । मानव समाजको गतिशीलतासँग एकाकार गर्न सकिन्छ तर आँखा चिम्लिएर यसको अत्यधिक दुरुपयोग गर्नु भनेको पतन र ध्वंशको बाटोमा लाग्नु हो । यसकारण टिकटक बन्द गर्ने सरकारी निर्णय सही, वस्तुवादी र सकारात्मक छ । यसमा हामी सबै सचेत नागरिकले साथ र सहयोग दिनुपर्छ ।

**आग्रही र पूर्वाग्रही मनोविज्ञान**

आजको विश्व समाज निरपेक्ष नकारात्मकताद्वारा निर्देशित रहेको छ । नकारात्मकताले नेतृत्व गरेको समाजमा कुनै पनि कार्य, वस्तु, व्यक्ति र सत्ताप्रति आलोचनात्मक धारणा बन्दैन । द्वन्द्वात्मक नजरबाट हेर्ने गरिदैन । यसमा कि त निरपेक्ष विरोध कि त निरपेक्ष समर्थन गर्ने गरिन्छ । अर्थात् आलोचनात्मक दृष्टिकोणको संस्कृति हुँदैन । समर्थन र विरोध पनि सही र गलतका आधारमा गरिदैन । चरम व्यक्तिवादी वा संस्थावादी स्वार्थको चौघेरामा समर्थन र विरोधलाई सीमित गरिन्छ । तब कुन व्यक्ति, संस्था र सवाल कति कारणले सही र कति कारणले गलत भन्ने स्पष्ट मार्गचित्र हुँदैन । यस्तो वस्तुगत परिस्थितिमा हल्लाकै भरमा सही गलतमा अनि गलत सहीमा दर्ज हुने खतरा हुन्छ । आज हाम्रो समाजको समर्थन र विरोधको संस्कृति यही मूल्यमा आधारित रहेको देखिन्छ, जसले

*बाँकी चार पृष्ठमा*

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० वर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिको सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असहय पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना–काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय कठौना, सप्तरी**

# केपी ओली कप मधेश प्रदेशले जित्यो

**राजविराज**/केपी ओली कप टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ ।

शुक्रबार सम्पन्न फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई ११ रनले पराजित गर्दै केपी ओली कप टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि जितेको हो ।

मधेशले दिएको १ सय ३६ रनको लक्ष्य पछ्याएको आर्मीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय २४ मात्र बनाउन सक्यो । सोमपाल कामी १६ र विवेक यादव अविजित २५ रन बनाए पनि आर्मीलाई जित दिलाउन सकेनन् ।

आर्मीका कप्तान विनोद भण्डारीले ३२, सन्तोष कार्कीले १६, रोहित पौडेलले ५, राजेश बुढामगरले ३, बसिर अहमदले २, भीम सार्कीले २२ रन बनाएर



आउट भए ।

बलिङतर्फ मधेसका कप्तान हरिशंकर शाहले सर्वाधिक ४ विकेट लिए । ४ ओभर बलिङ गरेका शाहले १९ रन खर्चेर ४ विकेट लिएका हुन् । प्रदीप पासवान २ र प्रतीक यादव १ विकेट लिए ।

यसअघि पोखरा रंगशालास्थित क्रीकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको मधेसले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ३५ रन बनाएको थियो । मधेसका विशाल पटेलले ४९, कप्तान हरिशंकर शाहले २७, अनिल शाह ६, इम्रान शेखले ८, पवन सराफले ९, हिमान्सु दत्तले १४, विशाल सुस्लिङले १०, प्रदीप पासवानले ४, मायन यादवले ३ रन बनाएका थिए ।

बलिङतर्फ आर्मीका साहब आलम र विवेक यादवले सर्वाधिक ३-३, सोमपाल कामी र बसिर अहमदले १-१ विकेट लिए ।

उपाधि जितेको मधेसले नगद ५ लाख हात पार्‍यो । फाइनलमा मधेससंग पराजित भएको आर्मीले २ लाख ५० हजारमामा चित्त बुझायो ।

### *टिकटक बन्दको ...*

हाम्रो समाजमा सही र गलत बीचको लक्ष्मणरेखा पनि स्वार्थको आधारमा विन्यास गर्ने गरिन्छ ।

यहाँ दलीय आधारमा आग्रह-पूर्वाग्रह राख्ने गरिन्छ । सही र गलत अनि फाइदा र नोक्सानभन्दा पनि व्यक्तिगत, दलगत, क्षेत्रगत र संस्थागत आधारमा समर्थन र विरोधको सीमारेखा कोर्ने गरिन्छ । यही मेसोमा टिकटक बन्द गर्ने सरकारी निर्णयको विरोध भइरहेको छ । उनीहरुलाई पनि थाहा छ कि टिकटक विकृत बन्दै गइरहेको छ । तर पनि जनमानसमा नकारात्मक धारणा निर्माण गर्न सहयोग पुगोस् भनेर जसरी पनि विरोधको भाषा बोल्ने गरिन्छ । यसलाई आग्रही, पूर्वाग्रही र चुनावकेन्द्रित विरोध भनिन्छ । यस्तो विरोध अरुलाई खुइल्याउन सहयोगी हुन्छ । वास्तवमा रचनात्मक विरोधले रूपान्तरण वा सच्चिने अवसर प्रदान गर्दछ । यसकारण विकास, प्रगति र रूपान्तरणका लागि सिर्जनात्मक र रचनात्मक विरोध र खबरदारी अनिवार्य हुन्छ ।

**मतदाता भड्किने भय**

नेपाली समाजमा टिकटक लगायत सामाजिक सञ्जाल दुरुपयोग भइरहेको प्रायः सबैलाई राम्ररी थाहा छ । उनीहरू बन्द कोठामा, परिवार र बालबच्चासँग यसको बढ्दो दुरुपयोगबारे घन्टौं प्रवचन दिन्छन् । यसले समय र पढाइ मात्र होइन, जिन्दगी नै बर्बाद हुन्छ भनेर पढाउँछन् । चिया पसलमा सामाजिक सञ्जालको विकृत प्रयोगबारे आदर्शको बखान छाँट्छन् । अर्थात् उनीहरू टिकटकलगायत सामाजिक सञ्जाल विकृत बन्दै गइरहेकामा पनि स्पष्ट छन् । यही मात्रामा यसको दुरुपयोग गर्ने हो भने भोलि अनुशासन, इमान, जमान, विवेक र नैतिकता केही बाँकी रहँदैन भनेर चिन्ता र चासो पनि व्यक्त गर्छन् । टिकटकको सकारात्मक तथा नकारात्मक भूमिकाबारे पनि जानकार नै छन् । तर पनि बन्द गर्ने सरकारी निर्णयको भने एकाएक विरोध गर्छन् किन ?

यसमा एकातिर दलीय तथा व्यक्तिगत आग्रह र पूर्वाग्रह जिम्मेवार देखिन्छ । अर्कोतिर आज राजनीति व्यापार व्यवसायजस्तो भइरहेको छ । आवधिक चुनाव भनेको लोकसेवाको विज्ञापन जस्तो बनेको छ । यस्तो वस्तुगत धरातलमा मतदातालाई केन्द्रमा राखेर धारणाहरू निर्माण हुने गर्छ । यहाँसम्म कि मतदाताहरू पट्टिन्छन् भने सहीलाई गलत र गलतलाई सही भनेर पनि आफ्नो वशमा राख्ने रणनीति आजकल सामान्य भइरहेको छ । अर्थात् सही र गलत पनि आफ्नो स्वार्थ र फाइदाले निर्धारण हुनथालेको छ जुन सोरैआना गलत हो । त्यसैले टिकटक विकृत र विसंगतिपूर्ण बन्दै गइरहेको सबैलाई थाहा छ । त्यसमा पनि राजनीतिककर्मीलाई त झन् थाहा नहुने कुरै आउँदैन तर गलत नै भए पनि मतदाता भड्किने भयले त्यसको विरोध गरिरहेको स्पष्टै देख्न सकिन्छ ।

**व्यवसाय र लत**

कतिपय यस्तो पात्र र संस्थाहरू पनि छन्, जो टिकटक लगायत सामाजिक सञ्जाललाई कमाइखाने भाँडो बनाइरहेका छन् । उनीहरूको रोजीरोटी यसैको सदुपयोग र दुरुपयोगमा निर्भर छ । उनीहरूले आफ्नो रोजगारी गुम्दा रोइलो गर्नु स्वाभाविक हुन्छ । उनीहरूलाई टिकटकले समाजमा पारेको सकारात्मक तथा नकारात्मक प्रभावका बारेमा कुनै मतलब छैन । उनीहरूलाई केवल आफ्नो व्यवसाय, नाफा र कमाइसँग मात्र सरोकार रहेको हुन्छ । उनीहरूलाई विषयवस्तुको सिर्जनशीलता र उपयोगितासँग सरोकार छैन । चोटिलो र घोचिलो भिडियो क्लिप राखेर भए पनि दर्शक बढे भयो अनि भाइरल भए पुग्यो, जसले धेरै नगद नारायण आर्जन गर्न सकियोस् ।

अर्कोतिर टिकटक लगायतको सामाजिक सञ्जाल प्रयोगमा लत बसेका मानिस पनि सरकारी निर्णयको विरोधमा देखिन्छ । उनीहरूलाई समाजका लागि सिर्जनशील र रचनात्मकता के हो केही मतलब हुँदैन । सही-गलत र साफा-नाफा कुनै सरोकार छैन । साथीभाइसँगको भलाकुसारी, मायाप्रेम र मनोरञ्जन गर्न पाए भयो । यसरी लतमा नराम्ररी फसेकाहरूले पनि मनोरञ्जनको स्वार्थमा बन्दको विरोध गरिरहेका छन् ।

**निष्कर्ष**

त्यसैले टिकटक बन्द गर्ने सरकारी निर्णयको निरपेक्ष विरोध र समर्थनमा समय खेर नफालौं । बरु टिकटक लगायत सामाजिक सञ्जालहरूको सदुपयोग हुँदै छ कि दुरुपयोग भन्नेबारे गम्भीर अध्ययन र अनुसन्धान गरौं । सहीलाई सही र गलतलाई गलत भन्ने आलोचनात्मक संस्कार बसालौं । स्वार्थ र आग्रहको भरमा गलत र विकृत संस्कृतिलाई प्रश्रय पुग्ने गरी विरोध र समर्थन नगरौं । विरोध गरे पनि रचनात्मक र सिर्जनशील विरोध गरौं जसले गलतलाई सही दिशातर्फ रूपान्तरण गर्ने हैसियत राख्छ । टिकटकको दुरुपयोगबारे जानकार हुँदाहुँदै पनि दलीय आग्रह र चुनावी मतदाता भड्किन्छ भनेर बन्दको विरोध नगरौं । अर्थात् चुनाव जित्ने निहित र निकृष्ट स्वार्थमा मतदाताको गलत माग पूरा गर्नेतिर नलागौं । टिकटकको दुरुपयोगबाट विकृति र विसंगति बढिरहेको सवालमा गम्भीर बनौं । यसको सचेत, सभ्य, विवेकशील र अनुशासित उपयोग संस्कृति बसाल्ने हो भने यो स्वतः पुनः सञ्चालनमा आउनेछ । यसकारण यसको सदुपयोगमा गम्भीर ध्यान दिन जरुरी छ । रातोपाटीबाट

# यौन धन्दा गराएको आरोपमा गेष्ट हाउसका संचालक र म्यानेजर पक्राउ

**राजविराज**/यौन धन्दा संचालन गरेको आरोप प्रहरीले राजविराजस्थित एक गेष्ट हाउसका संचालक र म्यानेजरलाई पक्राउ गरेको छ ।

गेष्ट हाउसमा यौन धन्दा हुने गरेको सुचनाका आधारमा प्रहरीले राजविराज ३ स्थित लक्ष्मी गेष्ट हाउसका संचालक राजविराज ६ निवासी ५७ वर्षिय अरुण कुमार मिश्र तथा म्यानेजर सप्तरीको महदेवा गाउँपालिका २ निवासी ४१ वर्षिय राम प्रकाश मण्डललाई पक्राउ गरेको हो ।

सो गेष्ट हाउसबाट पाँच जना युवती पनि फेला परेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेका अनुसार संचालक मिश्र र म्यानेजर मण्डलको मिलीभगतमा गेष्ट हाउसमा विभिन्न प्रलोभनमा पारी जबरजस्ती यौन धन्दामा लगाउने गरिएको थियो ।

पक्राउ परेका संचालक मिश्र र म्यानेजर मण्डललाइ आईतवार सप्तरी जिल्ला अदालतबाट मानव वेचविखन तथा ओसार पोसार कसुर मुद्दामा तीन दिनको म्याद थपि आवश्यक अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

गेष्ट हाउसको कोठाबाट फेला परेका युवती मध्ये चार जना सप्तरीको तथा एक जना सुनसरीको रहेको प्रवक्ता नेउपानेले बताए । उक्त गेष्ट हाउसमा सामुहिक रुपमा राखी यौनजन्य कार्यमा लगाउने गरेको खुल्न आएको प्रहरीको भनाई छ ।

गेष्ट हाउसमा फेला परेका युवतीहरुलाई आवश्यक सचेतनासहित अभिभावकको जिम्मा लगाउने तयारी गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरुको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसुरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

# एक सय २५ जनाको क्षमता भएको कारागारमा हाल ४ सय ४४ जना कैदीबन्दी




**राजविराज**/मुलुकै पुरानो कारागार मध्ये एक कारागार कार्यालय सप्तरी विभिन्न समस्याले ग्रसित छ । यस कारागारमा १ सय २५ जनाको क्षमता भएपनि हाल ४ सय ४४ जना कैदीबन्दी राखिएका छन् ।

क्षमता भन्दा चार गुना भन्दा बढी कैदीबन्दीहरु राखिएपनि सरोकारवाला निकाय गम्भिर बन्न सकेको छैनन् । कारागारमा अहिले ४ सय १९ पुरुष र २५ महिला कैदीबन्दी छन् ।

यो संख्या अहिले सम्म कै उच्च संख्या रहेको कारागारका निमित्त जेलर सदानन्द दासले जानकारी दिए । उनले क्षमता भन्दा बढी चौब्बर कैदीबन्दी भएपछि ठाउँ अभावका कारण भुई मै न्यानो कपडा राखी जसो तसो सुत्ने व्यवस्था मिलाइएको बताए ।

कैदीबन्दीलाई कोचिएर राख्दा विभिन्न समस्या आउने गरेको चौकिदार कामेश्वर यादवले सुनाए । क्षमता भन्दा चौब्बर कैदी बन्दी भएपछि शौच र नुहाउने देखि खाना पकाउन पनि लाईन लाग्ने गरेको उनले सुनाए । कारागारमा दम, स्वास प्रश्वास, प्यारालाईसिस, उच्च रक्तचाप लगायतका रोगले पीडित ५१ जना दिर्घ रोगी कैदीबन्दी रहेका छन् ।

पुरानो, जीर्ण र साँघुरो कारागारमा क्षमता भन्दा चौब्बर बढी कैदीबन्दी राख्नु पर्दा जोखिम संगै निगरानी र व्यवस्थापन गर्न पनि समस्या भएको कारागारका निमित्त जेलर दासले बताए ।

बि.स. २००८ सालमा निर्माण भएको यो कारागार सरकारी उपेक्षा र वजेट अभावका कारण जीर्ण र लथालिङ्ग अवस्थामा पुगेको निमित्त जेलर दास बताउँछन् ।

कुल २ विगहा १३ धुर क्षेत्रफल रहेको कारागाराको १ विगहा जग्गा अतिक्रमणको चपेटामा परेपछी १ विगहा १३ धुर जग्गा मात्र कारागारको संचालन र गतिविधीमा प्रयोग गर्न पाउँदा पनि समस्या थपिदै गएको उनको भनाई छ ।

कारागार सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुको बास वस्ने आवास समेत जीर्ण अवस्थामा रहेको तथा उनीहरु वास वस्ने कोठामा पर्याप्त ठाँउको अभावका साथै भौतिक सरसमानको समेत अभाव देखिएको छ ।

कारागारको भवन तथा पर्खालहरु कुनै बेला पनि ढल्ने अवस्थामा पुगेको र कैदीबन्दी समेत भाग्न सक्ने सम्भावना रहेको कारागारका कर्मचारी र सुरक्षाकर्मीको गुनासो छ ।

यता बत्ति गएको बेला कारागारमा इन्भटर र जेनरेटर समेत छैन । टर्च र इमरजेन्सी लाईटको भरमा निगरानी गर्ने र अन्य काम व्यवस्थापन गर्ने गरिएको कारागार प्रशासनले जनाएको छ ।

दश दिन अघि मात्र राजविराज नगरपालिका १५ का ६५ वर्षिय कैदी नन्दीलाल मण्डलको मृत्यु भएको थियो । कारागारमा वेहोस भएका उनलाई अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेका थिए ।

सो बारे इन्सेक र एडभोकेसी फोरम मधेश प्रदेश कार्यालयको टोली कारागार पुगी आवश्यक जानकारी समेत लिएको छ । इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवान र एडभोकेसी फोरम मधेश प्रदेशका संयोजक राज कुमार महासेठ लगायतको टोलीले कारागारको अनुगमन पश्चात् सरकारी उपेक्षाका कारण कारागारको अवस्था अत्यन्तै दयनीय रहेको प्रतिक्रया दिदै तत्कालै सुधारको आवश्यक्ता औंल्याए । उक्त टोलीले कारागार सुधारका लागी आफ्नो तर्फबाट आवश्यक पहल गर्ने जनाएका छन् ।

इन्सेक मधेश प्रदेशका संयोजक पासवानले कारागारको जग्गा अतिक्रमण तथा कैदीबन्दीहरुले भोग्नु परिरहेका विभिन्न समस्या बारे जानकारी लिइएको बताउदै तत्कालै समाधान हुनु पर्नेमा जोड दिए ।

कारागारको अतिक्रमण जग्गा खाली गराउन कारागार, नगरपालिका तथा स्थानीय प्रशासनले विगत ५ वर्ष देखि अतिक्रमण जग्गा खाली गर्ने सम्बन्धी ३५ दिने र १५ दिने सूचना पटक/पटक जारी गर्दै आएको छ । तर हाल सम्म अतिक्रमण जग्गा खाली गराउन र सूचना कार्यान्वयन गराउन सकिएको छैन ।

राजविराज नगरपालिका ६ मा अवस्थित कारागारको नाममा २ विगहा १३ धुर जग्गाको लालपुर्जा रहेको वडाअध्यक्ष शशी चौधरी बताँछन् । जस मध्ये अतिक्रमणमा परेको जग्गा खाली गराउन गृह प्रशासन तथा स्थानीय प्रशासनले नै पहल गर्नू पर्ने र यसमा सहजिकरण गर्न आफुहरु तयार रहेको उनको कथन छ । वर्षौं देखि उक्त जग्गामा घर/टहरा बनाइ वसेकाहरुलाइ अन्यत्र भएपनि व्यवस्थापन गर्न सके अतिक्रमण हटाउन सहज हुने उनको तर्क छ ।

प्रमुख जिल्ला अधिकारी किरण थापाले कारागारको समस्या प्रति आफुहरु गम्भिर रहेको र छिट्टै समाधानका लागी आवश्यक पहल थालेको बताए ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी

## अन्तर्राष्ट्रिय समाचार

### पोलियो उन्मूलन टोलीमाथि गोली चल्दा पाकिस्तानमा दुई जनाको मृत्यु

**इस्लामावाद**/पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा शुक्रबार पोलियो उन्मूलन टोलीमाथि भएको आक्रमणमा एकजना प्रहरीसहित एकजना आतङ्ककारीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटना प्रान्तको खैबर जिल्लामा भएको हो । बच्चालाई पोलियो थोपा खुवाउन घरदैलो अभियानमा भाग लिएर फर्किने क्रममा आतङ्ककारीले सो टोलीलाई निशाना बनाएको प्रहरीले जनाएको छ ।

प्रहरीको विज्ञप्तिअनुसार प्रहरीको जवाफी कारबाहीमा आतङ्ककारीको मृत्यु भएको हो । फरार अपराधीलाई पक्राउ गर्न सो क्षेत्रमा खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

पोलियो टोली सुरक्षित रहेको छ भने बालबालिकालाई पोलियो खोप खुवाउने अभियान अर्को सूचना नआएसम्मका लागि स्थगित गरिएको छ ।

अनुसन्धानका लागि प्रहरीले उक्त क्षेत्रलाई घेराबन्दी गरेको छ । अहिलेसम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन । एजेन्सी

### सोमालियामा बाढीबाट १०० को मृत्यु:संयुक्त राष्ट्रसंघ एजेन्सी

**संयुक्त राष्ट्रसंघ**/सोमालियामा भारी वर्षाका कारण आएको बाढीका कारण झण्डै १०० जनाको मृत्यु भएको छ । बाढीबाट करिब सात लाख ५० हजार मानिस घरबारविहीन भएको मानवीय मामिलाको समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालयले शुक्रबार जनाएको छ ।

"देश विपत्तिमा छ, विनाशकारी वर्षा र बाढी फैलिरहेको छ," एजेन्सीले उल्लेख गरेको छ । मुसलधारे वर्षाले नदीमा पानीको बहाव बढेपछि दक्षिण पश्चिम, गाल्मुडुग, पुन्टल्याण्ड, हर्साबिले र जुबाल्याण्ड, साथै बानादिर क्षेत्रका अधिकांश मानिसहरूप प्रत्यक्ष प्रभावित भएका छन् ।

संयुक्त राष्ट्रसङ्घ मानवीय एजेन्सीले जनाएअनुसार लाखौँ सोमालीहरूले भोक र कुपोषणसँग लडिरहेक बेला प्राकृतिक विपत्तिले स्थिति झन् दर्दनाक बनाएको छ । पाँच वर्ष मुनिका १५ लाख बालबालिका कुपोषणको चरम पीडाको सामना गरिरहेका छन् । एजेन्सी

### युक्रेन सय किलोमिटरको वायु रक्षा प्रणाली उत्पादन गर्ने योजनामा

**किभ**/युक्रेनले १०० किलोमिटरको दूरीमा हवाई खतरालाई रोक्न सक्ने वायु रक्षा प्रणाली उत्पादन गर्ने योजना बनाएको - सरकारी सञ्चालित युक्रेनफर्म समाचार एजेन्सीले रक्षा मन्त्रालयका वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै शुक्रबार उल्लेख गरेको छ ।

युक्रेनका उप-रक्षामन्त्री इभान ह्याभ्रिल्युकले अर्को वर्ष युक्रेनले पोर्टेबल एन्टि-एयरक्राफ्ट मिसाइल प्रणालीसहित सय किलोमिटरभन्दा बढीको दूरीको कोरल प्रकारको वायु रक्षा प्रणाली उत्पादनमा ध्यान दिने बताउनुभएको छ ।

सन् २०२४ मा युक्रेनले रूससँगको जारी द्वन्द्वका बीच मिसाइल र गोला बारुदको खरिदका लागि कुल एक सय ७५ बिलियन रिभनिया (लगभग ४.८ बिलियन अमेरिकी डलर) छुट्याउने- हाभ्रिलिकले बताउनु भएको छ ।

लुच डिजाइन ब्युरोद्वारा विकसित, कोरल हवाईजहाज, हेलिकप्टर, क्रुज मिसाइल, ब्यालेस्टिक मिसाइल र मानवरहित हवाई सवारीलाई नष्ट गर्न सक्षम एक विमान विरोधी मिसाइल हो । कोरल मिसाइलको प्रोटोटाइप पहिलो पटक २०२१ मा सार्वजनिक गरिएको थियो ।

हाल, युक्रेन आफ्नो आकाशलाई मिसाइल र ड्रोनबाट जोगाउन विदेशी वायु रक्षा प्रणालीमा निर्भर छ त्यसले आफ्नो सुरक्षामा खतरा उत्पन्न हुन सक्ने युक्रेनको बुझाइ छ । एजेन्सी

### गाजामा मृत्यु हुनेको संख्या दुई सय ४० पुग्यो : हमास

**गाजा स्ट्रिप**/गाजा पट्टीमा रहेको हमास सरकारले शनिबार प्यालेस्टाइन क्षेत्रमा शुक्रबार भएको लडाइँमा दुई सय ४० जनाको मृत्यु भएको बताएको छ ।

"गाजा पट्टीमा जताततै सयौँ हवाई आक्रमण, तोपखाना र नौसेनाको बमबारी" भएको छ । थप ६५० जना घाइते भएका छन्, सरकारको विज्ञप्तिमा भनिएको छ ।

इजरायली सेनाले "विशेष गरी खान युनिसलाई लक्षित गर्द दर्जनौं घरहरू ध्वस्त पारेको छ । गाजा क्षेत्रमा युद्धविराम सकिएलगत्तै आक्रमणलाई तीव्र पारिएको छ । एजेन्सी

# लेखापढी व्यवसायीको दबाबमा मालपोत कार्यालयद्वारा एक सेवाग्राहीको काम नगर्न कर्मचारीहरुलाई निर्देशन

**राजविराज**/भूमिसुधार तथा मालपोत कार्यालयले एक सेवाग्राहीको काम नगर्न आफ्ना कर्मचारीहरुलाई निर्देशन दिएको छ ।

लेखापढी व्यवसायीको दबाबमा कार्यालय प्रमुख शिवशरण पण्डितले सप्तरीको महादेवा गाउँपालिका वडा नं. ४ निवासी योगेन्द्र प्रसाद साहको काम अगाडी नबढाउन सम्पूर्ण कर्मचारीलाई बिहीबार निर्देशन दिएका हुन् ।

मंसिर १० गते साहले बुबा, आमाको नाममा दर्ता रहेको जग्गा आफ्नो नाममा नामसारी गर्न दिएको फायल लेखापढी र कर्मचारीको मिलोमतोमा घुस लिने मनसायले काम नगरेपछि उनले जिल्ला प्रशासन कार्यालयमा लेखापढी र कर्मचारीबिरुद्ध निवेदन दर्ता गराएका थिए । सोही कारणले उनको काम नगर्न प्रमुख पण्डितले कर्मचारीलाई निर्देशन दिएका हुन् ।

सेवाग्राही साहको उक्त निवेदनमा प्रमुख जिल्ला अधिकारी किरण थापाले सोही दिन तोकआदेश गरि आवश्यक कारवाहीका लागि सक्कलै निवेदन मालपोत कार्यालयमा पत्राचार गरेका छन् ।

दर्ता गराइएको निवेदनमा बुबा, आमाको नाममा दर्ता रहेको जग्गा नियमअनुसार सबै प्रक्रिया पुऱ्याएर आफ्नो नाममा जग्गा नामसारी गराउन खोज्दा मालपोतका कर्मचारी (खरिदार) महेश यादवले फायल हेरी अनाहकमा लोखापढी संघको नगदी रसिद काट्न लगाएको उल्लेख गर्दै निवेदनमा सो रकम के-का लागि हो भनेर सोध्दा फायल नै फ्याकेर हप्काएपछि आफुले बाध्य भएर ५ हजारको रसिद काट्नु परेको जनाइएको छ ।

सो सम्बन्धमा मालपोत कार्यालयका प्रमुख पण्डितले निवेदक साहले कम्तिमा आफूलाई सम्पर्क गर्नु पर्ने हो तर, सिडियो कार्यालयमा गएर लेखापढी र आफ्ना कर्मचारीलाई कारवाही गर्न माग गर्दै निवेदन दिएकोले उनको काम अगाडी नबढाउन भनेको प्रतिक्रिया दिएका छन् ।

उनले निवेदक साहले कार्यालयका कर्मचारीको बिरुद्धमा जिल्ला प्रशासनमा दिएको निवेदन झुठो भएको दाबी गर्दै सो बारे निवेदकसँग कुरा बुझि मात्र उनको काम अघि बढाउने भने ।

कार्यालय प्रमुख पण्डितको गत कार्तिक १५ गते नै जिल्ला प्रशासन कार्यालय, रौतहट पदस्थापन भइसकेको छ । 'मन्त्रालयको मिति ०८० कार्तिक १५ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा १५९१० बमोजिम तपाईलाई देहाय अनुसार पदस्थापन गरिएको', गृह मन्त्रालयको निजामती कर्मचारी प्रशासन शाखाले सोही मितिमा ४-३७१ चलानी नम्वर उल्लेख गरी पत्र पठाएको छ । तर, एक महिना हुन लाग्दा पनि कार्यालय प्रमुख पण्डितले रमाना लिन मानेका छैनन् ।

यता लेखापढी एसोशिएसन मालपोत इकाई समिति राजविराजको नामबाट जग्गा खरीद बिक्रि, रजिष्ट्रेशन, दाखा र नामसारी, जग्गा रोक्का लगायतका कार्यका लागि प्रत्येक सेवाग्राहीबाट रु. ३ हजार देखी रु. ५ हजारसम्मको रसिद काटी शुल्क लिइने गरिएको छ ।

जबकी भु-सेवा लागु भएपछि लेखापढी व्यवसायीको कुनै औचित्य नरहेको र कुनै कागजातमा उनीहरुको हस्ताक्षर समेत गर्नुपर्ने आवश्यकता छैन् ।

यसअघि नै नेपाल सरकारले २०७८ साल मंसिर १५ गतेदेखी भू-सेवा (कम्प्युटर प्रणाली) केन्द्रबाट मालपोत कार्यालयको सम्पूर्ण काम गराउने व्यवस्था मिलाएको र सोही अनुसार मालपोत कार्यालय सप्तरीमा पनि २०८० साल साउन महिनादेखी सम्पूर्ण सेवा भु-सेवा मार्फत नै हुने गरेको छ ।

## राजविराज नगरपालिका
### ६ नं. वडा कार्यालय
### राजविराज, सप्तरी
### मधेश प्रदेश, नेपाल

**मिति : २०८०/०८/१२**

उपरोक्त सम्बन्धमा आ.ब. २०८०/८१ को आर्थिक बजेट अनुसार मुकेश चौधरीको घरदेखी रामनारायण चौधरीको जग्गासम्म अधुरो नाला र निर्माणधीन नालामा स्ल्याब निर्माण कार्य गर्नको लागि उपभोक्ता समिति गठनको लागि तपसिल अनुसारको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**योजनाको नाम :** मुकेश चौधरीको घरदेखी रामनारायण चौधरीको जग्गासम्म अधुरो नाला र निर्माणधीन नालामा स्ल्याब निर्माण

**स्थान :** रा.वि. ६ (बहिरा बालक स्कुल)

**समय :** बिहान ८ बजे

**मिति :** २०८०/०८/२०

**लागत रकम :** २३०००००/- (तेइस लाख)

शशीकुमार चौधरी
वडा अध्यक्ष

# महादेवामा प्रमुख प्रशासकीय अधिकृतमा रामलखन

**राजविराज**/सप्तरीको महादेवा गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाएका रामलखन यादवले शुक्रवारदेखि पदभार ग्रहण गरेका छन ।

गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा यादव तेश्रो पटक कार्यभार सम्हालेका हुन ।

उनले पहिलो पटक २०७६ मंसिर १० गतेदेखि २०७७ पुस ७ गतेसम्म, दोश्रो पटक २०७८ बैशाख १५ गतेदेखि २०७९ साउन २३ गतेसम्म र तेश्रो पटक २०८० मंसिर १५ गते शुक्रवारदेखि पदभार सम्हालेको हुन् ।

उनलाई गाउँपालिका अध्यक्ष सुनिलकुमार मण्डल, उपाध्यक्ष अर्चनाकुमारी यादव, वडाध्यक्षहरु जगेश्वर प्रसाद ईसर, रामकुमार यादव, हरेराम मण्डल र कार्यपालिका सदस्य अनारदेवी रामले फुलमाला अविर लगाएर स्वागत गरेका थिए ।

सोही अवसरमा लोसपाका युवा नेता सुरेन्द्रकुमार यादव, जसपाका युवा नेता सुभाष यादव, रविन्द्र कुमार मण्डल, अमरेन्द्रकुमार मण्डल, श्याम यादव, कृष्णदेव मण्डल, ब्रहमदेव ईसर, शत्रुधन यादव, रामचन्द्र मण्डल, रञ्जीत मण्डल, राधेश्याम यादव, हनुमान मलाह, वीरेन्द्र गोईत, योगेन्द्र सदा, गणेश यादव, भागवत साह, सचिन्द्र सरदार, ईन्द्रदेव यादव, योगेन्द्र यादव, हरिनारायण यादव, श्रवण यादव, राजेन्द्र मण्डल, डम्बर मण्डल, मो. फिर्याद लगायतले प्रमुख प्रशासकीय अधिकृत यादवको सफल कार्यकालको शुभकामना दिएका थिए ।

## *प्रतिष्ठान निर्माणका ...*

गरेर पनि अलपत्र छाडिएको प्रतिष्ठानको निर्माणको काम रोकिदा पनि सरकारले कुनै वास्ता नगरेकाले सरकारको ध्यानाकर्षण गराउन चरणबद्ध रुपमा आन्दोलन गर्दै आएका छन् ।

आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवले शान्तिपूर्ण आन्दोलनबाट पनि मागको सुनुवाई नभए दोश्रो चरणमा आन्दोलनमा थप सशक्त कार्यक्रमहरु घोषणा गरिने तयार गरिएको जानकारी समेत दिए ।

यता प्रतिष्ठान निर्माणको काम अविलम्ब सूचारु गर्नुपर्ने माग राखी स्थानीयवासीद्वारा गठित संघर्ष समितिले गत २६ असोजदेखी थालेको रिले अनशनलाई ४९ औं दिन बिहीबार पनि निरन्तरता दिएको छ ।

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्नवा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd.
BATAS
CG Money CHAUDHARY GROUP

**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*